नेपाल सरकार

## श्रम तथा यातायात व्यवस्था मन्त्रालयको सूचना

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १७९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरूको नाम 'सवारी तथा यातायात व्यवस्था (तेश्रो संशोधन) नियमावली २०६६' रहेको छ ।

(२) यो नियमावली २०६७ साल श्रावण १ गते बाट प्रारम्भ हुनेछ ।

२. **सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ४ मा संशोधन :** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ (यस पछि 'मूल नियमावली' भनिएको) नियम ४ को, -

(१) उपनियम (३) मा रहेको 'नम्बर प्लेट संकेत (अक्षर र अंक)' भन्ने शव्दहरूको सट्टा 'अक्षर र अंक सहितको नम्बर प्लेट संकेत' भन्ने शव्दहरू राखिएका छन् ।

(२) उपनियम ३ पछि देहायको उपनियम ४ थपिएको छः-

'(४) उपनियम (३) बमोजिमको नम्बर प्लेट इम्बोस्ड गरिएको हुनुपर्नेछ ।'

**स्पष्टीकरण :** उपनियम (४) को प्रयोजनको लागि 'इम्बोस्ड' भन्नाले 'धातुको प्लेटमा विद्युतीय तथा यान्त्रिक माध्यमद्वारा अक्षर र अंक उठ्ने गरी लेखिने काम सम्झनु पर्छ ।'



५८

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीमा नियम २०(क) थप** : मूल नियमावलीको नियम २० पछि देहायको नियम २०(क) थपिएको छ :-

'२०(क) **विद्युतीय परिचय पत्रको रूपमा दिनु पर्ने** : नियम २० बमोजिम दिइने चालक अनुमति पत्र विद्युतीय परिचय पत्र (इलेक्ट्रोनिक स्मार्ट कार्ड) को रूपमा दिनु पर्नेछ ।'

आज्ञाले,

**दिनेशहरि अधिकारी**

**नेपाल सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।